जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३१ अंक ४१ २०७८ साल भदौ १८ गते शुक्रबार (3 Sep. 2021 Friday) मूल्य रु. ५/-

**वर्षातको समयमा सावधानी अपनाऔं**

- वर्षातको समयमा बाढी, पहिरो, डुबानजस्ता प्राकृतिक प्रकोपबाट ठूलो जनधनको क्षति हुन सक्दछ ।
- बाढी, पहिरो, डुबानको जोखिम हुने स्थानहरुमा बस्ती नबसालौं ।
- बर्षातको समयमा हुने बाढी, पहिरोजस्ता जोखिम स्थानहरुको पहिचान गरी सुसूचित गराऔं ।
- स्थानीयस्तरमा आपतकालिन केन्द्रहरुको स्थापना गरी उद्धार टोली र राहत सामाग्रीको जोहो गरौं ।
- विपद्को समयमा आपतकालिन केन्द्रमा तुरुन्त खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

**Log on :** *rajbirajdainik.com.np*

*यस अंक भित्र :* २ पृष्ठमा : सात महिनामा नै ... ३ पृष्ठमा : सरकारी वेबसाइटले गोपनीयता... ३ पृष्ठमा : शीघ्र सरकार बनाउन ...

## एमालेका ११ जना प्रदेशसभा सदस्यले रोजे नेकपा एस



**दैनिक समाचारदाता**
**राजविराज, १७ भदौं ।**

प्रदेश २ मा नेकपा एमालेका ११ जना प्रदेशसभा सदस्यले नवगठित नेकपा एकीकृत समाजवादी पार्टी रोजेका छन् । प्रदेश २ मा नेकपा एमालेका २१ सांसद छन् । अब एमालेमा १० जना सांसद भएका छन् ।

बिहीबार दिउँसो जनकपुरस्थित प्रदेश निर्वाचन कार्यालय पुगेर १० जना प्रदेश सांसदले एकीकृत समाजवादी पार्टीमा सनाखत गरेका हुन् ।

सनाखत गर्नेहरूमा शत्रुधन महतो, मञ्जु यादव, चन्द्र सेन प्रसाद श्रीवास्तव, नागेन्द्र यादव, गोविन्द न्यौपाने, बेची लुंगेली, रविन्द्र बैठा, हसिमा खातुन, अशोक यादव र प्रमोद यादव छन् ।

एकजना सांसद डिल्ली उप्रेतीले भने दिल्लीमा उपचाररत रहेकाले पत्रमार्फत सनाखत गरेका हुन् । क्यान्सर पीडित रहेका डिल्ली उप्रेतीले निर्वाचन आयोगको केन्द्रीय कार्यालयमा पत्रमार्फत सनाखत गराएका हुन् ।

माधव नेपाल पक्षका अन्य सांसद सुन्दर बहादुर विश्वकर्मा र सीता गुरुङ काठमाडौंमा रहेकाले अरु दिन आएर सनाखत गर्ने प्रदेश सांसद सत्रुधन महतोले जानकारी दिएका छन् ।

## एक करोड ९२ हजार मात्रा खोप लगाइयो

काठमाडौँ, १७ भदौ (रासस) ।

नेपालमा कोरोना भाइरसविरुद्धको खोप एक करोड ९२ हजार मात्रा खोप लगाइएको छ । प्रधानमन्त्री शेरबहादुर देउवाले गत असार २९ गते पद सम्हाल्नुभएपछि बसेको मन्त्रिपरिषद्को पहिलो बैठकले खोप लगाउनयोग्य सबै नागरिकलाई आगामी चैतसम्ममा कोरोनाविरुद्धको खोप लगाउने निर्णय गरेको थियो ।

सो निर्णयअनुसार बुधबारसम्ममा एक करोड ९२ हजार १६४ मात्रा खोप लगाइसकिएको स्वस्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ । हालसम्ममा १७ दशमलव नौ प्रतिशतले खोपको पहिलो मात्रा र १५ दशमलव चार प्रतिशतले पूर्ण खोप लगाएका छन् ।

मन्त्रालयको तथ्याङ्कअनुसार ५४ लाख २४ हजार ८३६ जनाले पहिलो मात्रा र ४६ लाख ६७ हजार ३२८ जनाले पूर्ण खोप मात्रा लगाएका छन् । हालसम्म नेपालमा भेरोसेल, 'जे एण्ड जे' कोभिसिल्ड, जापानमा निर्मित अस्ट्राजेनेका र स्वीडिस् अस्ट्राजेनेका खोप भित्रचाइएको छ । यस्तै मन्त्रालयले आगामी असोज मसान्तसम्म ३० प्रतिशत नागरिकलाई खोप लगाउने योजनाअनुसार खोप लागाउने अभियान देशभर तीव्र रूपमा अघि बढाएको छ ।

यसैबीच विश्व स्वास्थ्य

***बाँकी अन्तिम पृष्ठमा***

**भर्ना खुल्यो । भर्ना खुल्यो ।। भर्ना खुल्यो ।।।**

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।

**V-JTA भेटनरी जे.टी.ए. १८ महिने**

**हाम्रा बिशेषताहरु –**

- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७८/५/२ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७८/५/२३

**जगदम्बा मेडिकल इन्स्टिच्यूट**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

भर्ना खुल्यो
भर्ना खुल्यो

"आत्मनिर्भरताका लागि प्राविधिक शिक्षा"
न्यूनतम शुल्कमा प्राविधिक शिक्षा अध्ययन गर्ने सुनौलो अवसर

CTEVT र राजविराज नगरपालिकाको संयुक्त साझेदारीमा संचालित बहुप्राविधिक शिक्षालय

SEE/SLC/TSLC पछि ३ वर्षे डिप्लोमा
सिभिल इन्जिनियरिङ्ग
जियोमेटिक्स(सर्भे) इन्जिनियरिङ्ग

फारम भर्ने मिति
२०७८/०४/३१ देखि
२०७८/०५/१८ सम्म

राजविराज पोलिटेक्निक इन्स्टिच्युट
राजविराज–३, सप्तरी
कार्यालय: ०३१-५९००९०, ९८२९७८४७२३
प्रिन्सिपल: ९८१६६४५१६६
Email: info.rajbirajpolytechnic@gmail.com

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

**विगत १३ वर्ष देखी संचालन हुदै आएको**
**ओभरसियरी क्याम्पस**
( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**
( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।

फारम भर्ने अन्तिम मिति : २०७८ भदौ १८ गते सम्म ।

सम्पर्क :
**सफटेक इन्जिनियरिङ्ग कलेज**
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५२०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

## सम्पादकीय

## बजारको दुरावस्था बारे कसले बोल्ने !

नेपालकै पूरानो मध्ये एक राजविराज नगरपालिकाको बजारको अवस्था निकै खराब बनेको छ। सडक, ढल, नाला, फोहर व्यवस्थापन, पेटी अतिक्रमण लगायतका व्यवस्था निकै खराब छ। बजारको मुख्य सडकदेखी सहायक सडकहरुको अवस्था निकै दयनिय छ। वर्षायाममा सडक पोखरीमा परिणत हुन्छ भने सुख्खायाममा धुलोमय हुन्छ। यता खडकमा अनगिन्ती खाल्डोखुल्डोका कारण दुर्घटनाको जोखि समेत बढाएको छ।

यस्तै उचित नाला तथा ढलको व्यवस्था नहुँदा वर्षाको पानी सडकमै जम्मा हुने गरेको छ। मानिसलाई हिडडुल गर्न पनि गाह्रो हुने गरेको छ। सडकका कारण मुख्य बजारको रौनकता नै धरापमा परेको छ। बजार उदास देखिन्छ भने मानिसहरुको अनुहारमा नैराश्यता छाएको छ। यता सहरको मूल सडकमा फोहरको थुप्रो, अव्यवस्थित पसल, सडकमै पसल र फुटपातको स्थानमा समेत पसल लगाउने गरेकोले झन झन अव्यवस्थित सहरको रुपमा विकसित हुँदै गएको छ। यसका लागि सम्बन्धित निकायले उचित पहल नगर्नुले पनि यो सहर अव्यस्थित भएको हो।

तसर्थ त्यस्ता समस्या बारे सम्बन्धित निकायले गम्भिरतापूवर्क लिएर दुरगामी नीति बनाएर अगाडी बढ्नु आवश्यक छ। समस्याको समाधानका लागि भावि योजना तयार गर्नु पनि उत्तिकै अति आवश्यक छ। अनिमात्र राजविराज सहर अव्यवस्थितबाट बच्न सक्छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. रंजना गिरी
Dr. Ranjana Giri
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
Infertility Specialist (Consultant IVF)
NMC No. : 10635
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाँझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सात महिनामा नै लक्षितलाई खोप

काठमाडौँ, १७ भदौ (रासस)।

नेपालमा कोरोना भाइरसविरुद्धको खोप लगाएको सात महिनामा नै एक करोड बढीले खोप लगाउन सफल भएका छन्।

सरकारले गत माघ १४ गतेबाट खोप लगाउन सुरु गरेयता सात महिनामा नै एक करोड ९२ हजार १६४ जनाले खोप लगाएका हुन्। नेपालमा पहिलोपटक सङ्क्रमण देखिएको एक वर्षपछि नेपालमा खोप लगाइएको थियो। नेपालमा पहिलोपटक २०७६ माघ ९ गते सङ्क्रमण देखिएको थियो। कम्तीमा ६० प्रतिशत जनसङ्ख्यालाई खोप लगाएमा रोगको नियन्त्रण गर्न सकिने जनाइएको छ।

मन्त्रालयले अहिलेकै दरमा सङ्क्रमण बढे तेस्रो लहर असोज १५ देखि कात्तिक १५ गतेभित्र आउने सक्ने चेतावनी दिएको छ। सुरुमा ६५ वर्षभन्दा माथिका र स्वास्थ्यकर्मी, अस्पतालमा काम गर्ने सरसफाइकर्मी, कोभिड-१९ विरुद्धको रोकथाम र नियन्त्रणमा अग्रपङ्क्तिमा रहेका काम गर्ने व्यक्तिबाट सुरु गरिएको खोप अहिले ५० वर्षमाथिका प्रायः सबैलाई दिइसकेको छ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अनुसार पहिलो मात्रा १७.९ प्रतिशत अर्थात् ५४ लाख २४ हजार ८३६ जनाले र पूर्ण मात्रा १५.४ प्रतिशत अर्थात् ४६ लाख ६७ हजार ३२८ जनाले लगाएका छन्। मन्त्रालयका प्रवक्ता डा कृष्णप्रसाद पौडेलले विभिन्न चरणमा प्राथमिकतामा परेका व्यक्तिलाई खोप लगाउने अभियान सञ्चालन भइरहेको जानकारी दिनुभयो। उहाँका अनुसार अहिले विभिन्न विश्वविद्यालयमा परीक्षा दिने विद्यार्थीलाई खोप लगाउन थालिएको छ। "हामी प्राथमिकतामा परेका व्यक्तिलाई खोप दिँदै आएका छौँ", उहाँले भन्नुभयो, "खोप आएपछि फेरि प्राथमिकीकरण गरेर खोप अभियान सञ्चालन गर्ने छौँ।"

उहाँका अनुसार अहिलेसम्म एक करोड ३२ लाख खोप आइसकेको छ। नेपालमा अहिले कोभिशिल्ड, भेरोसेल, जोन्सन एण्ड जोन्सन, एस्ट्राजेनिका खोप लगाइएको छ। सरकारले १८ वर्षभन्दा माथिका ७१.६ प्रतिशत अर्थात् कूल दुई करोड १७ लाख ५६ हजार ७६३ जनालाई खोप लगाउने लक्ष्य राखेको छ। सरकारले आगामी असोजसम्म लक्षित वर्गको ३३ प्रतिशत र चैत मसान्तसम्म लक्षित सबैलाई खोप लगाउनसक्ने जनाएको छ।

सरकारले कोरोना भाइरस सङ्क्रमण रोकथाम र नियन्त्रणका लागि खरिद, अनुदान र कोभ्याक्स सुविधामार्फत खोप ल्याएर लगाइरहेको छ। नेपाललाई सुरुमा माघ ८ गते भारतले १० लाख मात्रा कोभिशिल्ड खोप उपलब्ध गराएको थियो। त्यसपछि सरकार आफैँले १० लाख मात्रा कोभिशिल्ड उत्पादक कम्पनी सिरम इन्स्टिच्युटसँग गत फागुन ९ गते १० लाख मात्रा खोप खरिद गरेको थियो।

कूल लक्षितमध्ये २० प्रतिशत कोभ्याक्स सुविधामार्फत खोप ल्याउने सरकारको तयारी छ। कोभ्याक्सबाट निःशुल्क रूपमा एक करोड १३ लाख मात्रा खोप प्राप्त गर्ने सरकारको योजना छ। यसैगरी भारतसहित चीन र भुटानबाट नेपालले अनुदानका ४६ लाख ३० हजार मात्रा खोप प्राप्त गरेको छ। तीमध्ये भारतले १० लाख मात्रा कोभिशिल्ड, चीनले ३४ लाख मात्रा भेरोसेल र भुटानले दुई लाख ३० हजार एस्ट्राजेनिका खोप उपलब्ध गराएको छ।

यसैगरी कोभ्यासको अनुदानमा पनि नेपाललाई विभिन्न देशले ३४ लाख ९७ हजार ५९० मात्रा खोप उपलब्ध गराएका छन्। भारतबाट तीन लाख ४८ हजार मात्रा कोभिशिल्ड, अमेरिकाबाट १५ लाख ३४ हजार ८५० मात्रा जोन्सन एण्ड जोन्सन र जापानबाट एस्ट्राजेनिका १६ लाख १४ हजार ७४० मात्रा खोप प्राप्त भएको छ। त्यस्तै नेपालले भारत र चीनबाट विभिन्न समयमा ५४ लाख मात्रा खोप खरिद गरेको छ। सरकारले भारतसँग २० लाख मात्रा कोभिशिल्ड खरिद गरेकामा १० लाख मात्रा प्राप्त भएको छ। यस्तै चीनबट ४४ लाख मात्रा भेरोसेल खोप खरिद गरेको छ। सरकारले असोज मसान्तभित्र एक करोड पाँच लाख ४८ हजार मात्रा खोप र चैतसम्म तीन करोड २३ लाख मात्रा खोप ल्याइसक्ने जनाइएको छ।

नेपालमा विसं २०७७ साउनको तेस्रो हप्ता कोरोना भाइरस सङ्क्रमण समुदायस्तरमा फैलिएको थियो। यस्तै २०७७ चैत पहिलो साता नेपालमा सङ्क्रमणको दोस्रो लहर फैलिएको थियो। २०७८ वैशाख २८ गते सबैभन्दा बढी नौ हजार ३१७ जनामा सङ्क्रमण देखिएको हो।

सरकारले १८ वर्षमुनिका बालबालिकालाई मोडर्ना र फाइजर खोप लगाइने छ। मोडर्ना ४० लाख र फाइजर ६० लाख मात्रा ल्याइने छ। नेपालमा हालसम्म आठ लाख ४८ हजार २०४ जनामा सङ्क्रमण देखिएको छ। यस्तै सात लाख १९ हजार ३३६ जना सङ्क्रमणमुक्त भएका छन् भने १० लाख ७७० जना सङ्क्रमणबाट मृत्यु भएको छ। नेपालमा निको हुने दर ९४.१ प्रतिशत रहेको स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले जनाएको छ।

# अखिल (क्रान्तिकारी) को तिरहुत कमिटी गठन



**दैनिक समाचारदाता**
**राजरिज, १७ भदौ।**

अखिल (क्रान्तिकारी) को तिरहुत गाउँपालिकाको लोहजारमा सम्पन्न भेलाले बिहीबार सन्तोष कुमार भण्डारीको अध्यक्षतामा ३१ सदस्यीय कमिटी गठन भएको छ।

सो कमिटीको सदस्यमा श्याम कुमार मण्डल, दिनेश मुखिया, मिन मुखिया, पप्पु मुखिया, दिनेश मुखिया, शम्भु शनि, राजेश यादव, दिनेश कुमार यादव, संजय यादव, श्याम कुमार यादव लगायत रहेका छन।

संतोष कुमार भण्डारीको अध्यक्षतामा तथा अखिल (क्रान्तिकारी) का जिल्ला अध्यक्ष रंजित मण्डलको प्रमुख आतिथ्यमा सम्पन्न प्रथम सम्मेलनमा अखिल (क्रान्तिकारी) राजविराजका अध्यक्ष हिमांशु साहलगायतले नव गठित कमिटीलाई शुभकामना दिएका थिए।

## तस्करी गर्न भण्डारण गरि राखिएको मटर बरामद

**दैनिक समाचारदाता**
**महोत्तरी, १७ भदौं।**

नेपालबाट भारततर्फ तस्करी गर्ने उद्देश्यले भण्डारण गरी राखेको अवस्थामा महोत्तरी प्रहरीले बुधबार राति २ सय ३ बोरा मटर बरामद गरको छ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी नायब उपरीक्षक प्रकाश विष्टका अनुसार जिल्लाको एकडारा गाउँपालिका ५ बहेडा गाउँस्थित रामकृपाल साहको सटरमा भण्डारण गरी राखेको अवस्थामा मटर (केराउ) बरामद गरिएको हो।

एउटा बोराभित्र २५ किलोका दरले प्याक गरिएको पाँच टन ७५ किलोग्राम मटर जिल्ला प्रहरी कार्यालयबाट खटी गएको विशेष टोलीले नियन्त्रणमा लिएको हो।

बरामद मटर आवश्यक कारबाहीका लागि जिल्लाको मूल भन्सार कार्यालय मलिवाडामा बुझाइएको छ। त्यसैगरी प्रहरीले गए राति जलेश्वर-३ बाट तीन बोरा मटर र दुई बोरा सुर्तीसमेत बरामद गरेको छ।

कोरोना भाइरसबाट बच्ने उपायहरु

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुनपानीले राम्रोसँग हात धुने तथा साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गर्ने,
- अनावश्यक रुपमा घर बाहिर र भीडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग ६ फिटको दुरी कायम गर्ने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा तुरुन्त चिकित्सकसँग परामर्श लिने।

नेपाल सरकार
विज्ञापन बोर्ड

खोप लगाऊँ सुरक्षित रहौं

खोप लगाएपछि पनि,
* मास्कको नियमित प्रयोग गरौ,
* अत्यावश्यक परेमात्र बाहिर निस्कौ,
* भीडभाडबाट बचौं,
* कसैलाई भेट्नैपर्दा दुई मिटरको दूरी कायम गरौ,
* साबुनपानीले हात धोऔ,
* साबुनपानी उपलब्ध नभए स्यानीटाइजरको प्रयोग गरौ,
* शंका लागे तुरून्त स्वास्थ्य परीक्षण गराऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सरकारी वेबसाइटले गोपनीयता राख्नुपर्ने

काठमाडौँ, १७ भदौ (रासस)।
सरकारले सरकारी वेबसाइटले प्रचलित कानुनबमोजिम गोपनीयता राख्नुपर्ने व्यवस्था गरेको छ। सरकारी वेबसाइटले प्रचलित कानुनबमोजिम गोपनीयता राख्नुपर्ने व्यवस्थासहित सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले सरकारी कार्यालयको आधिकारिक वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका २०७८ जारी गरेको छ। वेबसाइट निर्माण तथा व्यवस्थापनसम्बन्धी निर्देशिका २०६८ भने खारेज गरिएको छ।

निर्देशिकाले कार्यालय, कार्यालयको सेवा, कर्मचारीको विवरण, सम्पर्क नम्बर तथा इमेल, नागरिक बडापत्र, फारमसहितका विवरण राख्नुपर्ने, सबै सरकारी कार्यालयका वेबसाइटमा एक रुपताका लागि सूचना प्रविधि विभागले तयार गरेको 'नमूना'मा आधारित भएर वेबसाइट बनाउनुपर्ने व्यवस्थासमेत गरेको छ।

निर्देशिकामा भनिएको छ, "वेबसाइट निर्माण गरेपछि सुरक्षण परीक्षण गर्नुपर्ने र प्रत्येक वर्ष त्यसको अवस्थाबारे सूचना प्रविधि विभागबाट जाँच गर्नुपर्ने, वेबसाइटलाई सबैको पहुँचयोग्य बनाउने, सरल र विश्वसनीय बनाउने, वेबसाइटमा उपलब्ध हुने सामग्री एचटीएमएल, पीडीएफ र वर्ड ढाँचामा हुनुपर्ने छ।"

निर्देशिकाले सरकारी वेबसाइटलाई सरकारको एकीकृत डाटा सेन्टरमा होस्ट गनुपर्ने र कमजोर गतिको इन्टरनेटमा पनि खुल्न सक्ने तथा मोबाइलमा पनि सजिलै खुल्ने र हेर्न मिल्ने गरी वेबसाइट बनाउनुपर्ने व्यवस्था गरेको छ। निर्देशिका अनुसार कार्यालयका पदाधिकारी र ठेगाना परिवर्तन भएमा २४ घण्टाभित्र अद्यावधिक गर्नुपर्ने छ।

# सिरहामा एक लाख ६२ हजारले लगाए खोप

लहान, १७ भदौ (रासस)।
सिरहामा हालसम्म एक लाख ६२ हजारले कोभिड-१९ विरुद्धको खोप लगाएका छन्।

विसं २०७७ माघदेखि सुरु भएको खोप अभियानअन्तर्गत हालसम्म कोभिशिल्ड, भेरोसेल, जोन्सन एण्ड जोन्सनको गरी विभिन्न चरणमा एक लाख ६२ हजार जनाले कोभिड-१९ विरुद्धको खोप लगाएको स्वास्थ्य कार्यालय सिरहाका प्रमुख कृष्णदेव यादवले बताउनुभयो।

प्रमुख यादवका अनुसार सिरहामा एक लाख ११ हजारले पहिलो डोज र ५१ हजारले दुवै डोज खोप लगाइसकेका छन्। जिल्लाका ३० हजारले विभिन्न चरणमा भएको खोप अभियानअन्तर्गत अमेरिकी खोप उत्पादक कम्पनीको जोन्सन एण्ड जोन्सनको खोप लगाएका छन्, जुन एक डोज मात्र लगाउँदा पुग्छ।

यसैबीच सिरहामा जापानले उत्पादन गरेको कोभिड-१९ विरुद्धको स्ट्रेजेनिका खोप लगाउन सुरु गरिएको छ। सिरहाको १७ स्थानीय तहमध्ये पहिलो चरणमा भदौ १६ र १७ गते १० स्थानीय तहमा र बाँकी सात स्थानीय तहमा भदौ १८ र १९ गते खोप लगाइने कार्यक्रम रहेको प्रमुख यादवले जानकारी दिनुभयो। तय गरिएको स्थानीय तहको स्वास्थ्य संस्थाबाट सर्वसाधारणलाई खोप लगाइने जनाएको छ।

# कांग्रेसको १४औँ महाधिवेशन : आजदेखि ५६ जिल्लामा वडा अधिवेशन प्रारम्भ

काठमाडौँ, १७ भदौ (रासस)।
नेपाली कांग्रेसको आसन्न १४औँ महाधिवेशनअन्तर्गत शुक्रबारदेखि गाउँ/नगर वडा अधिवेशन प्रारम्भ हुँदैछ। हालसम्म क्रियाशील सदस्यता नामावली प्रकाशित भइसकेका ५६ जिल्लाका वडामा यही भदौ १८ गतेदेखि वडा अधिवेशन हुन लागेको कांग्रेसको केन्द्रीय निर्वाचन समितिले जनाएको छ।

नामावली प्रकाशित भएका सम्बन्धित जिल्लामा जिल्ला निर्वाचन अधिकृतलाई समेत खटाइएको निर्वाचन समितिका संयोजक महादेवप्रसाद यादवले जानकारी दिनुभयो। ती सबै जिल्लामा निर्वाचनका लागि आवश्यक सामग्रीसमेत पठाइसकिएको छ।

उहाँले भन्नुभयो, "क्रियाशील सदस्यता सूची भएका वडामा सम्भव भएसम्म सबैमा भोलि नै अधिवेशन हुन्छ, केही वडामा नाम छुटेका र मिलाउनुपर्ने भएको अवस्था समितिको रोहवर एक/दुई दिन पछाडि सार्न सकिन्छ। शुक्रबार कति वडामा अधिवेशन सम्पन्न हुन्छ भन्नेमा चाहिँ अहिले नै यकिन गर्न सकिँदैन।"

करिब नौ लाखको सङ्ख्यामा रहेका कांग्रेस क्रियाशील सदस्य पार्टीको गाउँ/नगर वडा अधिवेशनका मतदाता हुन्। क्रियाशील सदस्यले आफ्नो वडाको वडासमिति र क्षेत्रीय प्रतिनिधिको चयन गर्ने कांग्रेस विधानमा उल्लेख छ। वडा अधिवेशनले आफूमध्येबाट सभापति एक, उपसभापति दुई, सचिव दुई र सहसचिव दुईगरी सात पदाधिकारी निर्वाचित गर्ने व्यवस्था छ। यसबाहेक मतदाता सङ्ख्याको अनुपातका आधारमा वडा सदस्य र क्षेत्रीय प्रतिनिधि निर्वाचित हुनेछन्।

मुलुकभरका सबै छ हजार ७४३ वडामा अधिवेशन सम्पन्न हुँदा ४७ हजार २०१ पदाधिकारी र सदस्य एक लाख २१ हजार ६८१ निर्वाचित हुने संयोजक यादवले जानकारी दिनुभयो। यसबाहेक मनोनित हुनेको सङ्ख्या थप रहेको छ। त्यस्तै देशभरका वडाबाट एक लाख १४ हजार ५७५ क्षेत्रीय प्रतिनिधि निर्वाचित हुनेछन्।

कांग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले बाँकी २१ जिल्लाको क्रियाशील सदस्यता नामावली क्रमशः प्रकाशित हुँदै जाने र यही भदौ २७ गते निर्धारित गाउँ/नगरपालिका अधिवेशनसम्म सबै वडाको अधिवेशन सम्पन्न हुने जानकारी दिनुभयो। कांग्रेसको सूचना सञ्चार तथा प्रचार विभागले वडा अधिवेशन आवश्यक प्रक्रिया तथा अन्य सूचनाबारेमा सुसूचित गर्न दृश्य सामग्री प्रसारण गरेको छ।

कांग्रेसको विधानमा टोल, वडा, गाउँपालिका/नगरपालिका, प्रदेशसभा निर्वाचन क्षेत्र, प्रतिनिधिसभा निर्वाचन क्षेत्र, जिल्ला कार्यसमिति, प्रदेश कार्यसमिति र केन्द्रीय कार्यसमिति गरी आठ तहगत पार्टी संरचनाका व्यवस्था गरिएको छ।

कांग्रेसले १४ औँ महाधिवेशनअन्तर्गत गाउँ/नगर वडा अधिवेशन यही भदौ १८ गते, गाउँ/नगरपालिका अधिवेशन भदौ २७ गते, प्रदेशसभा क्षेत्रीय अधिवेशन आगामी असोज १ गते, प्रतिनिधिसभा क्षेत्रीय अधिवेशन/एकमात्र प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज ५ गते तोकेको छ। यसैगरी कांग्रेसले एकभन्दा बढी प्रतिनिधिसभा निर्वाचन क्षेत्र भएको जिल्ला अधिवेशन असोज १० गते, प्रदेश अधिवेशन कात्तिक १० देखि १२ गतेसम्म र केन्द्रीय महाधिवेशन आगामी मङ्सिर ९ देखि १३ गतेसम्म तय गरेको छ।

साढे पाँच वर्षपछि हुन लागेको कांग्रेसको आसन्न महाधिवेशनलाई पार्टीका नेताकार्यकर्ताले उत्सवका रूपमा लिएका छन् र अधिवेशनका लागि यतिखेर नेताकार्यकर्ताहरु गाउँगाउँमा पुगेर प्रचार अभियानको अन्तिम चरणमा छन्।

मुलुक सङ्घीय संरचनामा गइसकेपछि पार्टीको तल्लो तहसम्म निर्वाचनमार्फत आन्तरिक प्रजातन्त्रको अभ्यास गर्ने कांग्रेस पहिलो पार्टी बनेको छ। यसअघि कांग्रेसको १३औँ महाधिवेशन २०७२ साल फागुनमा सम्पन्न भएको थियो। उक्त महाधिवेशनमा नेताहरु शेरबहादुर देउवा र रामचन्द्र पौडेलबीच मुख्य प्रतिस्पर्धा भई देउवा सभापतिमा निर्वाचित हुनुभएको थियो।




# विश्व समाचार

## शीघ्र सरकार बनाउने तालिबान समूहको भनाइ

काबुल, १७ भदौ (रासस/सिन्ह्वा)।
अफगानिस्तान कब्जा गरेका तालिबान विद्रोहीले अब छिट्टै सरकार निर्माण गर्ने जनाएका छन्। उनीहरुका अनुसार सरकार गठनका सम्बन्धमा भएका विभिन्न चरणको वार्ता बुधबार सकिएको छ।

यसपछि अब छिट्टै नै नयाँ सरकार निर्माण गरिने जानकारी तालिबानका नेताले दिएका छन्। उनीहरुले सरकार बनाउने सम्बन्धमा नै राजनीतिक भेटघाटलाई तीव्र बनाएका थिए

अफगानिस्तानका स्थानीय मिडियाले तालिबान समूहका नेताले आगामी केही दिनमा नै सरकार बनाउने कुरा बताएको जनाएका छन्।

तालिबानले सत्ता कब्जा गरेपछि सरकार बनाउने विषयमा विभिन्न चरणमा विभिन्न नेतासँग छलफल गरेका र ती छलफल बुधबार सकिएको अफगानिस्तानका मिडियाले जनाएका छन्।

ताबिलानका एक प्रमुख नेता मुल्लाह हबितुल्लाह अखुन्जादाले केही दिनअघि अफगानिस्तानका नेतासँग सरकार बनाउने विषयमा छलफल गरेका थिए।

उनले अफगानिस्तानका पूर्वराष्ट्रपति हमिद कारजाईसँग पनि परामर्श गरेका थिए। पूर्वराष्ट्रपति कारजाईले तालिबानका वरिष्ठ नेता अब्दुल्ला अब्दुल्लासँग पनि भेटवार्ता गरेका बताइएको थियो।

केही दिन अघि नै सरकार बनाउनका लागि भन्दै तालिबानका एक नेता अनस हक्कानी पनि अफगानिस्तानको राजधानी काबुल पुगेका थिए।

यी नेताका भेटवार्तामा अफगानी उच्च सदन सिनेटका अध्यक्ष अब्दुल हादी मुस्लियार पनि सहभागी रहेका बताइएको थियो। अफगानिस्तानमा संयुक्त र सर्वपक्षीय सरकार बनाउने विषयमा छलफल भएको तालिबान नेताहरुले नै बताउँदै आएका छन्।

उता अफगानिस्तानको अहिलेको अवस्थाको मध्यनजर गरेर यहाँका नागरिकका लागि आवश्यक सहयोग गर्न पाकिस्तानलगायतका विश्वका विभिन्न देशले आग्रह गरेका छन्।

यतिखेर अफगानिस्तानको अवस्था अत्यन्तै नाजुक रहेको र अहिले यो देश नयाँ मोडमा उभिएकोले आगामी दिनमा यहाँका नागरिकको सहयोग तथा अन्य व्यवस्थाका लागि विश्व समुदाय एक हुनुपर्ने पाकिस्तानका विदेशमन्त्रीले बुधबार मात्र बताउनुभएको थियो।

कतिपय पश्चिमा तथा युरोपेली देशले अफगानिस्तान अहिले मानवीय सहायताको पर्खाइमा रहेको भन्दै यहाँका लागि आवश्यक मात्रामा सहयोग गर्नका लागि विश्व समुदाय एक हुनुपर्नेमा जोड दिइएको छ।

तालिबानी समूहका प्रवक्ता जबिहुल्लाह मुजाहिदले गत हप्ता मात्र अफगानिस्तानमा सबै पक्षलाई समेटेर समावेशी खालको सरकार निर्माण हुने बताएका थिए। अफगानिस्तानका मिडियाले सो कुरा बताएका छन्।

## नाइजेरियामा ७३ विद्यार्थी अपहरित

लागोस, १७ भदौ (रासस/सिन्ह्वा)।
नाइजेरियामा बन्दुकधारी अपहरणकारीले ७३ जना विद्यार्थीलाई अपहरण गरेका छन्।

नाइजेरियाको प्रहरीले बुधबार उनीहरुलाई अपरिचित बन्दुकधारीले अपहरण गरेको खबर प्राप्त भएको जनाएको छ। विद्यार्थी देशको उत्तरपश्चिमी क्षेत्रमा पर्ने जाम्फारा प्रदेशको एक विद्यालयबाट अपहरित भएका हुन्।

जाम्फाराका प्रहरी प्रवक्ता मोहम्मद शेहुले जारी गरेको वक्तव्यमा उनीहरुलाई अपहरण गर्न ठूलो सङ्ख्यामा लडाकू आएका उल्लेख गरिएको छ। बुधबार बिहान काया गाउँबाट उनीहरुलाई अपहरण गरिएको र कता लगे भन्ने बारेमा एकिन हुन नसकेको अधिकारीले जनाएका छन्।

अपहरित बालबालिका माध्यामिक तहका विद्यार्थी रहेका जनाइएको छ। घटनाका बारेमा विस्तृत विवरण आउन भने बाँकी रहेको छ।

## दोहोरो झडपमा ६५ को मृत्यु

दुबई, १७ भदौ (रासस/एएफपी)।
यमनको मारिब शहरमा विद्रोही र सरकार समर्थक सेनाबीच जारी रहेको झडपको क्रममा कम्तीमा ६५ जनाको मृत्यु भएको एक सैन्य अधिकारीले बिहीबार एएफपी समाचार समितिलाई बताएका छन्

ती सैन्य अधिकारीका अनुसार झडपमा २२ सरकारी समर्थक सेनाको मृत्यु हुनको साथै अन्य ५० जना घाइते भएका छन्। ४८ घण्टासम्म जारी रहेको झडपमा ४८ हुथी विद्रोही मारिएको सरकारी सेनाका अधिकारीले जानकारी दिएका छन्।

यमनमा हुथी विद्रोहीले सन् २०१४ बाट शुरु गरेको गृहयुद्धका कारण हजारौंको ज्यान गइसकेको छ भने लाखौं विस्थापित छन्।

## भारतमा कोरोना संक्रमण फेरि बढ्यो

नयाँदिल्ली, १७ भदौ (रासस/सिन्ह्वा)।
भारतमा कोरोनाभाइरसबाट नयाँ सङ्क्रमितको सङ्ख्यामा फेरि वृद्धि भएको छ। अधिकारीले बिहीबार बिहान दिएको जानकारीअनुसार भारतमा पछिल्लो २४ घण्टामा ४७ हजार ९२ जना नयाँ सङ्क्रमित थपिएका हुन। केन्द्रीय स्वास्थ्य मन्त्रालयले सोही अवधिमा ३५ हजार १८१ जना सङ्क्रमणमुक्त भएको जानकारी दिएको छ।

एउटै समयमा नयाँ सङ्क्रमितको सङ्ख्याभन्दा सङ्क्रमणमुक्त भएकाको सङ्ख्या थोरै भएकाले सक्रिय सङ्क्रमितको सङ्ख्यासमेतमा वृद्धि भएको छ। भारतमा अहिले सक्रिय सङ्क्रमितको सङ्ख्या तीन लाख ८९ हजार ५८३ रहेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार भारतमा अहिलेसम्म तीन करोड २० लाख २८ हजार ८२५ जना कोरोनाभाइरसबाट सङ्क्रमणमुक्त भएका छन्।

भारतमा पछिल्लो २४ घण्टामा ५०९ जनाको मृत्यु भएको छ भने अहिलेसम्म कुल मृतकको सङ्ख्या चार लाख ३९ हजार ५२९ पुगेको छ।

मृतकमध्ये १७३ जनाको केरला प्रदेशमा मात्रै मृत्यु भएको हो। केरलामा सङ्क्रमित भएकाको सङ्ख्या ३२ हजार ८०२ रहेको छ।

# तिलाठी कोइलाडीका अध्यक्षसहित २४ जनाले रोजे लोसपा



**दैनिक समाचारदाता**
**राजविराज, १७ भदौं ।**

सप्तरीको तिलाठी कोईलाडी गाउपालिका अध्यक्ष सतिश सिंहसहित २४ जनाले बिहिवार लोसपा नेपाललाई रोजेका छन् ।

निर्वाचन आयोगले भदौ २२ गतेसम्म पार्टी रोज्न पाउने प्रावधान ल्याएपछि प्रदेश २ का स्थानिय तहका जनप्रतिनिधिहरुले बिहीबार पनि दल रोजेका छन् ।

तिलाठी कोईलाडी गाउपालिका कार्यपालिका २२ जना तथा बिष्णुपुर गाउपालिकाका दुई जना सदस्यहरूले सनाखत गरेपछि बिहिवार लोसपा रोज्नेको संख्या २४ पुगेको हो ।

यो सँगै बुधवार र बिहिवारसम्म ४० जना जनप्रतिनिधिले लोसपामा सनाखत गरेका निर्वाचन अधिकारी रमेश कुमार जोशीले जानकारी दिएका छन ।

यसअघि बुधबार जिल्ला समन्वय समिति सप्तरीका सभापति प्रभाकर यादवसहित, राजबिराज नगरपालिका उपप्रमुख साधना झा, छिनमस्ता गाउपालिका उपाध्यक्ष उषा मण्डललगायत १८ जनाले जिल्ला निर्वाचन कार्यालय सप्तरीमा लोसपाको पक्षमा सनाखत गराएका छन् ।

यता लोसपा नेता केशव झाले दलमा सनाखत गर्नका लागि निर्वाचन कार्यालयले भदौ २२ सम्मको समयसीमा तोकेकाले पुर्व राजपाबाट निर्वाचित सबै जनप्रतिनिधिहरू लोसपामा आउन बिश्वास व्यक्त गरे ।

सो अवसरमा लोसपाका नेता केशव झा, जय प्रकाश ठाकुर, दिनेश यादब, गजेन्द्र मण्डल, दिपेन्द्र चौधरी, महिला नेतृ पुनम यादब, बिनोद यादब, बिजय यादब, सुनिल झा, अमरनाथ मण्डल, लगायतको उपस्थिति रहेको थियो ।

# चटचाङ्ग लागेर किशोरको मृत्यु

**दैनिक समाचारदाता**
**उदयपुर, १७ भदौं ।**

निरन्तर वर्षासँगै परेको चटचाङ्गबाट त्रियुगा नगरपालिका ८ देउरीमा बुधबार राति १५ वर्षीय निशान चौधरीको मृत्यु भएको छ ।

घरमै चटचाङ्ग लागेर गम्भीर घाइते भएका किशोरका उपचारका क्रममा जिल्ला अस्पतालमा निधन भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ ।

### एक करोड १२ ...

सङ्गठनका दक्षिण-पूर्वी एशियाका क्षेत्रीय निर्देशक डा पुनम खेत्रपाल सिंहले नेपालले १० मिलियन खोपको मात्रा व्यवस्थापन गर्नुका साथै छोटो समयमै कोरोनाविरुद्धको खोप लगाउनयोग्य नागरिकमध्ये १५ प्रतिशतलाई पूर्ण खोप लगाउन सफल भएकामा बधाईसमेत दिनुभएको छ ।








**खडक नगरपालिकाको कार्यालय, सप्तरी**

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोरोना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेटनुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौ।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

**शम्भुनाथ नगरपालिकाको कार्यालय, सप्तरी**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५२१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*